परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३२ २०८१ चैत्र २४ आइतवार Sunday 6, APR 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।



विकल्प नामक संस्थाले सुनसरीको कोशी टप्पुमा दोस्रो चरणको चैत २० गते देखि २२ गते सम्म संचालन गरेको एआई तालिममा सुनसरी मोरंगका विभिन्न संचार माध्यममा काम गर्ने २१ जना संचारकर्मीहरुको सहभागीता रहको थियो । तालिम समापन पछि सामुहक तस्वीरमा आयोजक र संचारकर्मीहरु । तस्वीर : श्याम सुन्दर सुतिहार

## हुन्डी कारोवारमा संलग्न एक भारतीय पक्राउ

**अमित ठाकुर**

रौतहट । नेपाल भारत सिमाको गौर बैरगनिया नाकाबाट हुण्डी कारोबार संलग्न भारतीय नागरिक ५ लाख नगद सहित पक्राउ परेका छन ।

शस्त्र प्रहरी बल ११ नंबर शस्त्र प्रहरी बल सिमा सुरक्षा गुल्म गौरले गौर भन्सारको पुर्वपट्टी रहेको कानु टोलमा भारत बिहार राज्यको बैरगनिया पटेल चौक बस्ने राम पटेलका १८ बर्षीय छोरा मोहित पटेलले पाईन्टको गोजीमा लुकाई छुपाई ल्याउँदै गरेको स्रोत नखुलेको ५ लाख रुपैयाँ सहित पक्राउ गरेका थिए ।

उनले भने भारतमा भएको कारोबार वापतको रकम पटेलले हुण्डी मार्फत भित्र्याएको पाइएको छ । उनलाई बैरगनियाका नामी हुण्डी व्यवसायिक कौशल र दिलिपले दर्जनौं कलिलो उमेरका केटाहरुलाई भरियाको रुपमा प्रयोग गरी रौतहटको विभिन्न नाकाबाट हुण्डी कारोबार फस्ट्याको स्रोतले जनाएको छ ।

प्रहरीले दिनहुँजसो भारत को बैरगनिया गौर भित्रिंदै

वांकी अन्तिम पेजमा...

## लगानी सम्मेलन सुनिश्चित भएपछि छलफल सुरु

विराटनगर । नयाँ वर्ष २०८२ साल बैशाख १८ र १९ गते हुने लगानी सम्मेलन सुनिश्चित भएपछि प्रदेशका पूर्व मुख्यमन्त्रीहरुसंग छफलफ सुरु गरको छ ।

गत माघ महिनामा लगानी सम्मेलन गर्नेगरी तयारी गरेको प्रदेश सरकारको लगानी सम्मेलन प्राविधिक कारणले पछि सरेको थियो । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पूर्व मुख्यमन्त्रीहरुसँग कोशी प्रदेश सरकारले गर्न लागेको लगानी सम्मेलन, यसको सम्भावना, अवसर र चुनौतीका विषयमा छलफल गरेका छन् ।



उक्त छलफलमा प्रदेश सरकारका पूर्व मुख्यमन्त्री भीम आचार्य, उद्धव थापा लगायतको छलफलमा सहभागिता रहेको थियो । प्रदेश सरकारका मन्त्री, सचिव समेत सहभागी भएको सो छलफलमा पूर्व मुख्यमन्त्री हरुले लगानी सम्मेलनलाई सफल बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

छलफलमा मुख्यमन्त्री कार्कीले प्रदेश संरचना लाई अघि बढाउन कठिनाइ भइरहे पनि भविष्यको सुन्दर यात्रा तय गर्न र प्रदेशलाई लगानी मैत्री बनाउनका लागि लगानी सम्मेलन गर्न लागिएको जानकारी जानकारी गराउदै मुख्यमन्त्री कार्की भने पहिलोपटक लगानी सम्मेलन भएकाले यसमा देखिएका समस्यालाई सम्बोधन गर्दै अगाडि बढ्ने वताएको थियो । आफ्नो बाटो आफै तय गर्दै अघि बढ्नुपर्ने बाध्यतामा प्रदेश सरकार रहेको र यो लगानी सम्मेलनको माध्यमबाट प्रदेशको यात्रा तयार गरेर अघि बढ्ने स्पष्ट पारेका थिए ।

पूर्व मुख्यमन्त्री उद्धव थापाले प्रदेशको प्रदेशको ऐन कानुन र संघीय कानुनहरू संशोधन गरेर लगानीकर्ता लाई सहज वातावरण सिर्जना गर्न जोड दिदै उहाँले संघीय सरकारसँग समन्वय गरेर जटिल प्रकृतिका ऐनहरु सुधार गर्न ध्यान दिनुपर्ने वताए । प्रदेश सरकारले संघीय सरकार सँग पहल गरेर कतिपय करहरू छुट दिन सकिन्छ भने त्यसतर्फ पनि लाग्नुपर्नेमा उहाँले जोड दिएको थियो ।

त्यसैगरी पूर्व मुख्यमन्त्री भीम आचार्यले नयाँ र सिर्जनात्मक परियोजनाहरू तयार गरी लगानी सम्मेलन मा अगाडि बढाउनुपर्ने भन्दै पानी, वन र खानीसँग जोडिएका आयोजना हरूलाई सञ्चालन गर्न सके आर्थिक लाभ लिन सकिनेमा जोड दिएका थिए । लगानीकर्तालाई सरलीकृत वातावरण सिर्जना गर्ने र सुशासन तर्फ पनि ध्यान दिने हो भने प्रदेशमा धेरै लगानी भित्र्याउन सकिने उहाँले वताए । उत्पादन र रोजगारसँग जोडिएका परियोजना अगाडि बढाएर जानुपर्नेमा जोड दिँदै उहाँले यसका लागि प्रदेश सरकारलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

लगानी सम्मेलनका लागि प्रदेश सरकारले करिब १ खरब लगानी भित्र्याउने तयारी गरेको छ । कृषि, उद्योग, पर्यटन पूर्वाधार, ऊर्जा, सूचना

वांकी अन्तिम पेजमा...

## ६८ औं राष्ट्रिय सहकारी दिवस भव्यताका साथ सम्पन्न

भोजराज घिमिरे

विराटनगर । ६८ औं राष्ट्रिय सहकारी दिवस विराटनगरमा भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले गर्दै भने मोरङ जिल्लामा ४० प्रतिशतभन्दा बढी जनसंख्या सहकारीमा आबद्ध भएकाले सहकारी नै जीवनशैलीको अभिन्न हिस्सा भएको बताए ।

सहकारीको गतिविधिमा सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउँदै, बहुउद्देश्यीय सहकारीहरूलाई बिना ब्याज लगानी गर्न सरकार तयार वहँले वताए ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले सहकारीसँग सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउँदै कुनै पनि उद्योगको प्रवर्द्धनका लागि सरकार हातेमालो गर्न तयार रहेको बताए। उनले ब्याज अनुदान दिने प्रक्रिया अघि बढेको उल्लेख गर्दै, उद्यम शीलता विकासका लागि प्रदेश सरकारले स्विस सरकारसँग मिलेर साना तथा मझौला उद्योगहरूलाई ५० हजार देखि माथि बिना धितो लगानी गर्ने तयारी गरिरहेको जानकारी दिए ।"झोलामा परियोजना बोकेर हिँड्नेहरूलाई हामी लगानी दिनेछैनौं, तर काम गर्नेलाई प्रोत्साहित गर्नेछौं," वहाँले वताए ।

मुख्यमन्त्री कार्कीका अनुसार प्रति उद्योग रु. ३ करोडका दरले ६ अर्ब लगानी गर्न लागिएको छ, जसले प्रदेशको औद्योगिक क्षेत्रलाई ठूलो टेवा दिने विश्वास वहाँले व्यक्त गरेका थिए ।

वांकी अन्तिम पेजमा...



### लगानी...

प्रविधि र फोहोर मैला व्यवस्थापन गरेर करिब १ खरब ३९ अरबको परियोजना प्रदेश सरकारले सोकेसिङ गर्ने तयारी गरेको छ। कृषिमा र उद्योगमा नौ/नौवटा वटा पर्यटनमा १५ वटा पूर्वाधारमा १४ वटा ऊर्जामा तीनटा सूचना प्रविधिमा दुईवटा र फोहोर मैला व्यवस्थापनमा दुईवटा गरेर ५४ वटा परियोजनालाई छलफलको लागि अगाडि बढाइएको लगानी प्राधिकरण का कार्यकारी निर्देशक डाक्टर सरोज कोइरालाले जानकारी दिएका थिए।

सबैभन्दा बढी ६५ अरब ४० करोडको उद्योग त्यस्तै ३५ अर्ब ९७ करोडको पर्यटन क्षेत्रका लगानीका परियोजना लगानी सम्मेलनमा लैजान लागिएको छ। प्रदेश सरकारले स्वदेशी तथा विदेशी लगानीकर्तालाई ल्याउने गरी तयारी समेत अन्तिम चरणमा पुर्याएको छ। तयारी अन्तिम चरणमा पुगेसँगै सरोकार वालासँगको छलफल र कार्यक्रमलाई भव्यता दिन सरकारले आवश्यक काम अगाडि बढाइसकेको छ। सरकारले आफ्ना १२ वटा ऐन संशोधन गर्ने र दुईवटा नयाँ ऐन संसद मार्फत अगाडि बढाउने गरी काम गरिरहेको समेत छलफलमा आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले जानकारी बताए।

### हुन्डी...

आएको स्रोत नखुलेको नेपाली रूपियाँ बोक्नेलाई नियन्त्रणमा लिने गरेको छ। अनुसन्धान पछि उनीहरु व्यवसायिक हुण्डी कारोबारीका भरिया मात्र भएको खुल्ने गरेको प्रहरी स्रोतले जानकारी दिए।

हुण्डी कारोबारमा नाम चलेका उद्योगी व्यवसायीको पनि संलग्नता रहेको र तिनीहरुले नै भरिया मार्फत् हुण्डीको रकम ल्याउने र पुऱ्याउने गरेको प्रहरीको अनुमान छ।

### ६८ औं...

वहाँले प्रदेश सरकारले थुप्रै विकास परियोजनाहरू ल्याएको उल्लेख गर्दै, राम्रो कामको मूल्यांकन हुनुपर्ने र सरकार सुधारमुखी यात्रामा रहेको बताए। साथै, सहकारी संस्थाहरूले पर्यटन क्षेत्रमा पनि योगदान गर्नुपर्ने धारणा राख्दै, प्रदेश सरकारले पहाडी भेगलाई चलायमान बनाउन काम गरिरहेको जानकारी दिए। उनले आगामी दिनमा २ लाख मानिसलाई रोजगारी दिने योजना रहेको वताउनु भयो।

कार्यक्रममा उत्कृष्ट सहकारी अभियन्ता माधव अत्री र विष्णु ओझालाई सम्मान गरिएको थियो। सप्ताहव्यापी रूपमा आयोजना गरिएको सहकारी दिवस विभिन्न सांस्कृतिक कार्यक्रम र नगर परिक्रमा सहित कार्यक्रम गरिएको थियो।

कार्यक्रमको मूल समारोह समिति संयोजक डा. डिल्ली पोखरेलले अध्यक्षतामा सम्पन्न भएको थियो।

# लागुऔषध गाँजा बोकेको कारसहित चालक पक्राउ



विराटनगर। धनकुटाको साँगुरीगढी गाउँपालिका-६ स्थितबाट लागूऔषध गाँजा बोकेको कार सहित चालकलाई प्रहरीले पक्राउ गरेको छ।

चैत्र १९ गते इलाका प्रहरी कार्यालय भेडेटारबाट गस्तीमा खटिएको प्रहरी टोलीले भेडेटार रवी-राँके सडक खण्डमा को. १ च ३४७८ नम्वरको मारुती कारलाई शंका लागी चेकजाँच गर्दा कार भित्र कालो प्लाष्टिकले वेरेको १० पोकामा ३ सय किलोग्राम लागू औषध गाँजा वरामद भएको थियो।

गाँजा बरामद भए संगै कार र चालक बिराटनगर महानगरपालिका-१५ का २६ बर्षीय प्रिन्स कुमार साहलाई नियन्त्रणमा लिएको छ। लागूऔषध गाँजा बोकेको कार सहित पक्राउ परेका चालकको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट थप अनुसन्धान तथा कानूनी कारवाही भईरहेको छ।

# प्रतिवन्धित लागुऔषध सहित ११ पक्राउ

विराटनगर। झापा, मोरङ र उदयपुरको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागुऔषध सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मोरङको बिराटनगर-१५ र १७ स्थित लागुऔषध औषध नियन्त्रण ब्युरो बिराटनगर र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ब्राउन सुगर १२ ग्राम ५४ मिलिग्राम र लागुऔषध इकोसकफ १०० एमएलको ८ बोतल सहित सुनसरी धरान-११ का ४० बर्षीय राज कुमार साह, ईटहरी-२ का २१ बर्षीय सुजन विश्वकर्मा र मोरङ केराबारी गाउँपालिका-६ का ४२ बर्षीय निरज श्रेष्ठलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका-६ बाट ब्राउन सुगर १ ग्राम २३० मिलिग्राम सहित मोरङ उर्लावारी नगरपालिका-३ का १९ बर्षीय सुनिल बिश्वकर्मा लाई लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाले नियन्त्रणमा लिएको थियो

त्यसैगरी उदयपुरको कटारी नगरपालिका-४ स्थितबाट नियन्त्रित लागूऔषध १० हजार ४ सय ६३ ट्याव्लेट र गाँजा १०० ग्राम सहित ओसार पसारमा संलग्न ७ जनालाई इलाका प्रहरी कार्यालय कटारीले पक्राउ गरेको थियो।

चैत्र १९ गते कटारी नगरपालिका-४ स्थित बजारमा लागू औषधको कारोवार भईरहेको भन्ने सुचनाको आधारमा खटिएको प्रहरी टोलीलेओसार पसारमा संलग्न रहेका कटारी-७ का २९ बर्षीय हरि बहादुर तामाङ, कटारी-८ का १९ बर्षीय भक्त बहादुर तामाङ, २५ बर्षीय सोम कृष्ण राई, कटारी-४ का २३ बर्षीय अनमोल मगर, २० बर्षीया आरती राउत, २३ बर्षीय सरद कुमार सुनुवार र १९ बर्षीय बिक्रम साशंकारलाई ट्रपेन टेवलेट ४ हजार ४ सय ३१ चक्की, स्पासपेन टेवलेट ५ हजार ९ सय १२ चक्की र त्वएभ्ल्त्व त्व्धीभ्त-१२० चक्की, गाँजा १०० ग्राम, नगद २ लाख ४७ हजार ७ सय २० रुपैया र २ थान मोटरसाईकल सहित पक्राउ गरेको थियो।

लागूऔषध सहित पक्राउ परेका उनिहरुको इलाका प्रहरी कार्यालय कटारी लगायतका प्रहरी कार्यालयवाट थप अनुसन्धान तथा आवश्यक कानूनी कारवाही भईरहेको छ।


## पानीका स्रोतको संरक्षण गरौं

- वन सम्पदाको संरक्षण गरौं,
- खुल्ला ठाउँमा वृक्षा रोपण गरौं,
- इनार, कुवा, पोखरी पानी पँधेरोजस्ता पानीका स्रोतहरुको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षण वारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ।
- बाळश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थानमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### लगानी सम्मेलन सार्थक होस

कोशी प्रदेश सरकारले गत माघ महिनामा हुने सम्मेलनलाई विभिन्न कारण देखाई नयाँ वर्ष २०८२ साल बैशाखको १८ र १९ गते गर्ने सुनिश्चित भएकोले सो वारेमा छलफल सुरु गरको छ। लगानी सम्मेलन प्रदेशको समग्र विकासतर्फको महत्त्वपूर्ण र दूरदर्शी कदम हुने आम जनताले विश्वास लिएको छ। यस प्रकारको सम्मेलन पहिलोपटक हुँदैछ, जसले प्रदेशको आर्थिक सम्भावना, पूर्वाधार, रोजगारी, तथा उत्पादनको विस्तारमा टेवा पुऱ्याउने आशा गरिएको छ। सम्मेलनका लागि सरकारले पूर्व मुख्यमन्त्रीहरूसँग समेत छलफल गरेर साझा दृष्टिकोण बनाएको देखिन्छ।

कोशी प्रदेश सरकारले कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा फोहोर व्यवस्थापनजस्ता बहुआयामिक क्षेत्रका ५४ वटा परियोजना सोकेस गर्न लागेको छ, जसको कुल लगानी मूल्य करिब १ खरब ३९ अर्ब रुपैयाँ रहेको छ। यसबाट स्पष्ट हुन्छ कि प्रदेशले अब योजनालाई व्यवहारमा उतार्ने दिशामा गम्भीरता पुर्वक लागेको छ। लगानी सम्मेलनको आधार सुशासन, पारदर्शिता, कानुनी स्पष्टता र लगानीमैत्री वातावरण निर्माण गर्ने रहको छ।

यसबाहेक, सम्मेलनपछि देखिने कार्यान्वयन पक्ष अझ महत्त्वपूर्ण हुनेछ। प्रस्तावित परियोजनाहरू कागजमा सीमित नहुने गरी, समयसापेक्ष प्रगति र अनुगमन प्रणालीको विकास गर्न आवश्यक छ। यस प्रकारका सम्मेलनहरू केवल औपचारिकता नभई प्रदेशको समृद्धि र दीर्घकालीन रणनीतिको मेरुदण्ड बन्न सकून् भन्ने अपेक्षा रहेको छ। प्रदेशले लगानीमैत्री वातावरण बनाउँदै आर्थिक क्रान्तिको ढोका खोलोस् भन्ने शुभकामना सहित सम्मेलनले कोशी प्रदेशको विकास र समृद्धिको ढोका खोल्ने जन अपरेक्षा रहेको छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# मौरीपालन : उच्च मुल्य आन्दानी गर्ने कृषि

**सुजन अम्गाई र डा. केदार देवकोटा**

कृषि कुल गार्हस्थ्य उत्पादन (एजीडीपी) मा १ प्रतिशतभन्दा कम योगदान पुऱ्याउने भए तापनि मौरीपालनलाई उच्च मूल्य आम्दानी गर्ने कृषिको रूपमा पहिचान गरिएको छ।

'यदि मौरी पृथ्वीबाट लोप भयो भने मानिसको बाँच्ने समय चार वर्ष मात्र बाँकी हुनेछ', वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको यो भनाइबाट मौरीको महत्व कति छ भन्ने थाहा हुन्छ।

मौरी, मानव र प्रकृतिबीच अनुपम सम्बन्ध छ। संसारभर २० हजारभन्दा बढी मौरीका प्रजाति छन्। नेपालमा परा पूर्वकालदेखि नै परम्परागत रूपमा गरिंदै आएको छ। स्थानीय एपिस सेराना जातको घरपालुवा मौरीलाई प्राकृतिक एवं सांस्कृतिक सम्पदाको रूपमा परम्परागत मुढे एवं खोपे घारमा राखी मह उत्पादन गर्ने प्रचलन नेपालका प्रायः सबै जिल्लामा पाइन्छ।

नेपालमा धेरै किसिमका मौरी पाइन्छन्, जसमध्ये कठ्यौरी, खागे, भीर मौरी, स्थानीय मौरी/सेराना मौरी, युरोपियन मौरी/मेलिफेरा मौरीले मह संकलन गर्छन्। नेपालमा व्यावसायिक मौरी पालन सन् १९८९ बाट सुरुवात भए तापनि सन् १९९२ मा एपिस मेलिफेरा नेपालमा भित्रिएपछि नेपालमा व्यावसायिक मौरी पालन व्यवसायले व्यापकता पाउन थालेको थियो।

महको नियमित सेवन स्वास्थ्यका लागि लाभदायक छ। मौरीपालनले कृषि कुल गार्हस्थ्य उत्पादन (एजीडीपी) मा १ प्रतिशतभन्दा कम योगदान पुऱ्याउने भए तापनि मौरीपालनलाई उच्च मूल्य आम्दानी गर्ने कृषि गतिविधिको रूपमा पहिचान गरिएको छ।

नेपालको तराई क्षेत्रमा एपिस मेलिफेरा र पहाडी तथा उच्च पहाडी क्षेत्रमा एपिस सेरेना जातको मौरी व्यावसायिक रूपमा पालन गरिन्छ। देशभर करिब १६ हजार ५०० घरपरिवार प्रत्यक्ष रूपमा मौरीपालन व्यवसायमा आवद्ध छन् र प्रतिव्यक्ति मह उपभोग १७० ग्राम रहेको छ।

नेपालमा मुख्यतया तराई क्षेत्रमा एपिस मेलिफेरा र पहाडी तथा उच्च पहाडी क्षेत्रमा एपिस सेरेना जातको मौरी व्यावसायिक रूपमा पालन गरिन्छ। देशभर करिब १६ हजार ५०० घरपरिवार प्रत्यक्ष रूपमा मौरीपालन व्यवसायमा आवद्ध छन्।

**प्रदेश अनुसार मौरीपालनको व्यावसायिकता र सम्भावना बोकेका जिल्ला निम्नानुसार छन।**

| प्रदेश | जिल्ला |
|---|---|
| कोशी | झापा, मोरङ, सुनसरी, पाँचथर, इलाम |
| मधेश | सर्लाही, रौतहट, बारा |
| बागमती | चितवन, मकवानपुर, धादिङ, नुवाकोट, ललितपुर, काभ्रे |
| गण्डकी | कास्की, स्याङ्जा, नवलपुर, लमजुङ, बाग्लुङ, म्याग्दी, गोर्खा |
| लुम्बिनी | पाल्पा, गुल्मी, दाङ, अर्घाखाँची, प्युठान, बाँके, बर्दिया, कपिल वस्तु, रोल्पा, रुकुम |
| कर्णाली | सुर्खेत, जाजरकोट, जुम्ला, हुम्ला |
| सुदूरपश्चिम | कैलाली, डडेल्धुरा, दार्चुला, बैतडी |

नेपालमा समुद्र सतहबाट ७० देखि ४२०० मिटरको उचाइसम्म मह उत्पादन गरिंदै आएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालय को तथ्याङ्क अनुसार प्रति घार १७.५८ केजीको औसत राष्ट्रिय मह उत्पादनका दरले नेपालमा आर्थिक वर्ष २०८०/८१ मा २ लाख ४५ हजार मौरी गोलाबाट ४ हजार ३०८ मेट्रिक टन मह उत्पादन भएको थियो भने युरोपेली प्रजातिको मेलिफेरा मौरी बढी उत्पादन (वार्षिक औसत ३० देखि ५० केजी मह प्रति घार) दिने प्रजाति हो भने स्थानीय प्रजाति सेरेनाको भने उत्पादन (वार्षिक औसत ५ देखि १५ केजी मह प्रति घार) कम हुन्छ। मुख्य रूपमा मेलिफेरा जातको मौरीबाट चिउरी, तोरी, सिसौ, रुदिलो, फापर, लिची, असारे, जामुनबाट मह काढ्ने गरिन्छ भने जंगली स्रोत कटुस, चिलाउने, टाँकी, चिउरी आदिबाट सेरेना मौरीको मह काढ्ने गरिन्छ।

नेपालमा कुल उत्पादन हुने महमध्ये करिब ६५ प्रतिशत, २८ प्रतिशत र ७ प्रतिशत उत्पादनको हिस्सा क्रमशः मेलिफेरा, सेरेना र जंगली मौरी (खागे मौरी, भीर मौरी तथा पुत्का मौरी) को रहेको छ। नेपाल जैविक विविधताको धनी राष्ट्र भएकोले यहाँको विद्यमान वनजङ्गल, खेतीप्रणाली र चरन क्षमतालाई हेर्दा करिब १० लाखसम्म मौरी गोला पालन गर्न सकिने र वार्षिक २० हजार मेट्रिक टनभन्दा बढी मह उत्पादन लिन सकिन्छ।

विशेषतः झापा, सर्लाही, मकवानपुर, चितवन, धादिङ, नुवाकोट, कास्की, लमजुङ, पाल्पा, दाङ, प्युठान, सुर्खेत, दार्चुला जिल्ला मौरीपालनको हिसाबले अगाडि रहेका छन्।

विभिन्न जिल्लाका विभिन्न ठाउँमा मौरीका उपयुक्त चरन क्षेत्रहरू छन् र प्रत्येक चरन क्षेत्रका आ-आफ्ना भार बहन क्षमता छन्। कुन चरन क्षेत्रमा कति मात्रामा मौरी गोला व्यवस्थापन गर्न सकिने हो, सो यकिन गरी मौरी गोला व्यवस्थापन गर्न सक्ने हो भने खेर गइरहेको पुष्परस तथा कुटको उचित व्यवस्थापन हुने र मौरीपालनमा टेवा समेत पुग्ने देखिन्छ।

नेपालमा वार्षिक महको माग करिब ९ हजार मेट्रिक टन रहेको छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार अष्ट्रेलिया, जापान, मलेसिया, अमेरिका, यूएई लगायत देशमा नेपालबाट मह

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**


लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# पिछडावर्ग (ओविसी) को आरक्षण एक सामाजिक न्यायको आधार शिला

जय प्रकाश महतो



लेखक : जयप्रकाश महतो

वर्तमान संविधानमा भूगोल र जातिका आधारमा समानुपातिक समावेशी आरक्षण प्रणालीको व्यवस्था छ। तर, राष्ट्रिय समावेशी आयोगले विद्यमान आरक्षण प्रणालीलाई पुनरावलोकन गरी वर्गका आधारमा आरक्षण दिन सरकारसमक्ष सिफारिस गरेको छ। समावेशी आयोगले आफ्नो वार्षिक प्रतिवेदनमा आर्थिक, सामाजिक र शैक्षिक आधारमा वर्गीय समावेशिताको कानुनी व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ।

अर्थात 'अहिले जात र भूगोल का आधारमा आरक्षण छ। यसलाई पुनरावलोकन गरी वर्गका आधारमा अर्थात पिछडा वर्ग र विपन्न वर्गलाई आरक्षण दिनुपर्छ। यसका लागि संविधान वा कानुनमा के संशोधन गर्नुपर्ने हो उक्त कार्य गरेर सामाजिक न्यायको आधारमा आरक्षणको लागि अखिल नेपाल पिछडावर्ग (ओविसी) महासंघ संस्थागत रुपमा आवाज उठाईरहेको कुरा सबैलाई थाहा नै छ।

यो कुरा समाबेशी आयोगले संविधानको धारा २९४ अनुसार ३९ पृष्ठ लामो वार्षिक प्रतिवेदन राष्ट्रपति विद्यादेवी भण्डारीलाई नै बुझाएको थियो। प्रतिवेदनमा 'विद्यमान आरक्षण प्रणालीमा पुनरावलोकन गरी आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, थारु, मुस्लिम, पिछडा वर्ग, अल्प संख्यक, सीमान्तकृत समुदाय, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित एवं पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न वर्गलाई समानुपातिक समावेशी सिद्धान्तका आधार मा राज्यका सबै निकायमा सहभागिता सुनिश्चित गर्न र राज्यको मूल प्रवाहबाट वास्तविक रुपमा टाढा रहेका कमजोर वर्ग, क्षेत्र र जातजातिले मात्र आरक्षणको लाभ लिन सक्ने गरी नीतिगत तथा कानुनी व्यवस्था गर्ने सुझाव दिएको छ। समानुपातिक समावेशी करण नीति पुनरावलोकन गर्दा विश्वमा प्रचलित अभ्यासलाई समेत ख्याल गर्न समाबेशी आयोगले भनेको छ।

नेपालको संबिधानमा पिछडावर्ग(ओ.वि.सि.) को अधिकार कुन कुन धारामा उल्लेख :

नेपाल पिछडावर्ग (इयत्र) महासंघको संस्थापक एवं तत्कालिन केन्द्रिय अध्यक्ष भरत प्रसाद महतोको नेतृत्वमा बिगत बर्षहरुमा भएको पिछडावर्गको आन्दोलन को कारण नेपाल सरकार र नेपाल पिछडावर्ग ( इयत्र) महासंघका बिच मिति २०६५ चैत्र ११ गते ५ बुदें, मिति २०६६ असाढ ३ गते ४ बुदें, मिति २०६८ जेष्ठ ६ गते ३ बुदें र २०६९ बैशाख १३ गतेमा ६ बुदैं सम्झौता भएको थियो। त्यसको फलस्वरुप यस महासंधको तत्कालिन अध्यक्ष भरत प्रसाद महतोले नेपाल सरकारसंग संबिधान निर्माण को क्रममा संवाद र छलफल गरेको र सोही बमोजिम पिछडावर्ग उल्लेख गरिएको हो।

नेपालको संविधानमा पिछडावर्ग (इयत्र) सम्बन्धी संस्थागत उपलब्धी र भएको व्यवस्था :-

(१) भाग-३ मौलिक हक र कर्तव्य धारा १८ समानताको हकको उपधारा (३) मा, "पिछडावर्ग उल्लेख गरेको ,

(२) भाग ३ धारा (४२) सामाजिक न्यायको हकको उपधारा (१) मा , "पिछडावर्ग" उल्लेख गरेको,

(३) भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा (५१) राज्यका नीतिहरुको उपधारा (ञ) सामाजिक न्याय र समावेशी करण नीतिको (१०) मा, "पिछडावर्ग" उल्लेख गरेको,

(४) भाग-२७ अन्य आयोगहरु धारा २५९ राष्ट्रिय समावेशी आयोगगको काम, कर्तव्य र अधिकारको उपधारा (१) को ( क) मा "पिछडावर्ग" उल्लेख गरेको,

(५) भाग-२८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था धारा २६७ को उपधारा (३) मा पिछडावर्गउल्लेख गरेको,

"पिछडावर्ग" उल्लेख गरी यस महासंधको मागलाई सम्बोधन गर्न खोजे पनि पुर्ण रुपमा र सबै ठाउमा

उल्लेख नगरेकोले संविधान को शंशोधन मार्फत पिछडावर्ग को माग पुरा गर्नु पर्ने देखिन्छ।

पिछडावर्गको आरक्षणले समृद्ध नेपाल बन्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ। यस आरक्षणले समाज रुपान्तरण र निर्माणमा असल कार्य गर्नेछ। सामाजिक न्याय स्थापित हुनेछ। लेखक महतो अखिल नेपाल पिछडावर्ग ( ओविसी) महासंघ कन्द्रीय कार्य समितिको महासचिव हुनुहुन्छ।

# लागुऔषध सहित १२ पक्राउ

विराटनगर। झापा, सुनसरी र मोरङको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागुऔषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटनाको विवरण अनुसार मोरङको बिराटनगर -१५ र १७ स्थित लागुऔषध औषध नियन्त्रण ब्युरो बिराटनगर र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ब्राउन सुगर १२ ग्राम ५४ मिलिग्राम र लागुऔषध इसकफ १०० एमएलको ८ बोतल सहित सुनसरी धरान-११ का ४० बर्षीय राज कुमार साह, ईटहरी-२ का २१ बर्षीय सुजन विश्वकर्मा र मोरङ केराबारी गाउँपालिका-६ का ४२ बर्षीय निरज श्रेष्ठलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका- ६ बाट ब्राउन सुगर १ ग्राम २३० मिलिग्राम सहित मोरङ उर्लाबारी नगरपालिका-३ का १९ बर्षीय सुनिल विश्वकर्मालाई लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाले नियन्त्रणमा लिएको थियो।

चैत्र २० गते दिउँसो सुनसरीको कोशी गाउँपालिका-१ स्थितबाट लागू औषध नियन्त्रण ब्यूरो बिराटनगर र इलाका प्रहरी कार्यालय लौकही सुनसरी बाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा ईटहरी उप-महानगरपालिका-१६ का ३४ बर्षीय मनोज कुमार चौधरीलाई २७ ग्राम २७ मिलिग्राम र ईटहरी-६ का २३ बर्षीय सनम तामाङलाई २६ ग्राम, ईटहरी-२ का २७ बर्षीय निरज लिम्बु, २२ बर्षीय सन्दिप मगरलाई ३ ग्राम ५६ मिलिग्राम, सुनसरी रामधुनी-९ का १६ बर्षीय आदित्या चौधरीलाई २ ग्राम १ मिलिग्राम, रामधुनी-का २६ बर्षीय मनिष चौधरीलाई २ ग्राम ५६ मिलिग्राम लागुऔषध सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी धरान-१७ का २८ बर्षीय बेगराज लिम्बु र ३४ बर्षीय सागर राईलाई ३ ग्राम १३ मिलिग्राम, रानधुनी-५ का २६ बर्षीय बिज्ञान साहलाई ३५ ग्राम ८८ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ भने सुनसरी हरिनगर-१ स्थित मा प्रहरी चैकी भुटाहा बाट खटिएको प्रहरी टोलिले सोही स्थनाका २०बर्षीय प्रकाश कुमार दाश र २२ बर्षीय रितेश कुमार मण्डललाई प्रतिबन्धित लागु औषधी नाईट्राजेपाम-१२० ट्याब्लेट सहित पक्राउ गरेको थियो।

झापाको अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्क झापाबाट गस्तिमा खटिएको प्रहरी टोलिले बिर्तामोड नगरपालिका-४ का ३२ बर्षीय बिकी साहलाई ३४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। लागू औषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# एमालेले गर्‍यो गणतन्त्रको पक्षमा शक्ति प्रदर्शन

विराटनगर। नेकपा एमाले धनकुटाले धनकुटा बजारमा वृहत मोटरसाइकल र्‍याली प्रदर्शन गरेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्र, यसबाट प्राप्त उपलब्धी र संविधानको रक्षाका लागि एमालेले वृहत जनजागरण मोटरसाइकल र्‍याली १८ गते आईतवार प्रदर्शन गरेको थियो।

सयौँ मोटरसाइकलको ताँतीसहित बसपार्कबाट सुरु भएको र्‍यालीले धनकुटा बजार परिक्रमा गरेको थियो। र्‍याली बसपार्कबाट डाँडागाउँ, हुलाकटोल, वीचबजार, भीमनारायण चोक, माथ्लो कोप्चे, तल्लो कोप्चे हुँदै मदनचोक आएर सभामा परिणत भएको थियो।

र्‍यालीमा सहभागीहरूले 'गणतन्त्र जिन्दावाद, प्रतिगमन मुर्दावाद, हत्या हिंसा लुटपाट अन्त्य गर, जन्मसिद्ध श्रेष्ठता स्वीकार्य छैन, नेकपा एमाले जिन्दावाद' लगायत नारा लगाउँदै बजार परिक्रमा गरेका थिए। जिल्लाका सातवटै पालिकाबाट भेला भएका एक हजार भन्दा बढी मोटरसाइकल सहितको र्‍यालीले बजार परिक्रमा गरेको एमाले धनकुटाका प्रचार विभाग प्रमुख रविन कटेलले जानकारी दिए।

यसैबीच, र्‍याली पश्चात आयोजित सभालाई सम्बोधन गर्दै एमाले धनकुटा अध्यक्ष शिव आङ्लाले वृहत मोटरसाइकल र्‍यालीले धनकुटामा एमाले र गणतन्त्रको पक्षमा रहेको जनलहरलाई छर्लङ्ग पारेको उल्लेख गरेका थिए। एमाले जिल्ला सचिव पर्शुराम नेपालले जनता गणतन्त्रको पक्षमा रहेको भन्दै केही प्रतिगामीहरूले हिंसात्मक गतिविधि गर्दैमा राजतन्त्र फर्किने कुनै सम्भावना नरहेको दावी गरेका थिए।

गणतन्त्र विरोधी प्रतिगामी हरू सल्बलाउन थालेको भन्दै एमालेले त्यसका विरुद्ध धनकुटासहित देशभर प्रदर्शन गरेको थियो।





## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

## अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# नरिवल पानीका फाइदै फाइदा



नरिवल पानी जैबिक रुपमा स्वस्थ र सफा पेय पर्दाथ हो। हामीले दैनिक खाने नरिवल फलफूल परिवार अन्तर्गत पर्ने महत्वर्पूण फल हो। पोषयुक्त यस फल स्वास्थ्यको पर्याबाची नै बनेको छ। यो शत प्रतिशत स्वस्थ र संक्रमणमुक्त हुन्छ। यसमा ९४ प्रतिशत पानी हुनुका साथै क्यालोरीको मात्रा पनि न्यून हुन्छ। शून्य कोलेस्ट्रोल यो पानी अतयन्तै स्वस्थ र भिटामिनहरुले भरिपूर्ण पेय पर्दाथ हो। यसमा भिटामिन बी र एमिनो एसिड पर्याप्त मात्रामा पाइन्छ। त्यस्तै, पोटासियम र म्याग्नेसियमयुक्त नरिवल पानीको फाइदा हामीहरुले सोचेभन्दा बढी फाइदा छ।

मुटुका लागि उत्तम मानिने नरिवल र यसको पानी केवल तिर्खा मेट्ने माध्यम मात्र होइन्। एक अध्ययन अनुसार नरिवल पानीले ह्दय घातको खतरलाई न्यून गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ। नरिवलमा हुने उच्च मात्राको पोटासियमले शरीरमा अनाबश्यक तरल पर्दाथलाई फाल्न सहयोग पुयाउनुका साथै हाइपरटेन्सनको खतरालाई घटाउछ। नियमित एक गिलास नरिवल पानी खाँदा मुटु रोग र ह्दयघातको खतरा न्यून हुन्छ।

किड्नी स्टोनको खतरा घटाउँछ

नियमित नरिवल पानी पिउदा किड्नी स्टोनको खतराबाट बचाउँछ। यसमा हुने पोटासियम र म्याग्नेसियमले पिसाबको प्रबाहलाई बृद्धि गरी शरीरमा अत्यधिक पानी हुने समस्याबाट बचाउछ। यदि तपाईंलाई किड्नीको स्टोन छ भने पनि पिसाबको प्रबाहलाई तीब्र पारेर यस रोगबाट मुक्ति मिल्न समेत सहयोग मिल्छ।

पखलाको उपचार

तपाईंलाई पखला लागेको छ ? यदि हो भने नरिवल पानी अचूक औषधी हो। नरिवल पानीले तपाईंको शरीरबाट खेरा गइरहेको पानीको मात्रलाई पूर्ती मात्र गर्दैन इलेक्ट्रोलाईट र खनिज पनि प्रदान गर्छ। शरीरभित्र भएका अनवाश्यक हानी कारक विषहरुलाई यसले बाहिर फालिदिन्छ। नरिवल पानी प्राकृतिक रुपमा नै सबल हुन्छ। हाम्रो शरीरमा आवश्यक पर्ने इलेक्ट्रोलाईट तह नरिवललमा पाइन्छ।

गर्मीमा शरीरलाई शितलता दिन्छ

गर्मीमा हुने तिक्षण तापक्रम र त्यसपछि पसिनाले शरीर सजिलै सुख्खा हुन्छ। गर्मी भइरहेको बेला शरीरलाई आनन्द दिनका लागि नरिवल पानी भन्दा अर्को कुनै हुन सकदैन्। काबोहाइड र सुगरको मात्रा न्यून तथा पर्याप्त इलेक्ट्रोलाइट्सयुक्त यो निकै ताजा पेय पर्दाथ हो।

व्यायायमपछि पिउँदा फूर्तीलो र तन्दुरुस्ती बढाउँछ

ठूलो शारीरिक बल प्रयोग गर्ने काम गर्दा र व्यायायमको क्रममा डिहाइड्रेडको सम्भावना हुन्छ। यस्तो अवस्थामा नरिवल पानी महत्वपूर्ण पेय पर्दाथ हुन सक्छ। व्यायापपछिको डिहाइड्रेसनबाट बच्नका लागि पनि यसको महत्व छ। यसमा क्यालोरिको मात्रा न्युन तथा पोटासको मात्रा उच्च भएकोले शरीरबाट खेरा गइरहेको झोललाई पूर्ती गर्नका लागि पनि यसको महत्व छ।

छालामा चमकपन बढाउँछ, निखारता ल्याउँछ

भद्दा छालालाई चमक बनाउने इच्छा कसको हुँदैन र ? निश्चय नै ताजा नरिवल पानीको सेबनले छाला नरम बनाउनुको साथै धपक्क चमक ल्याइदिन्छ। त्यस्तै हात र अनुहारमा दिनको दुई पटक यसको प्रयोग गर्दा अत्यधिक फाइदा भएको पुष्टि भइसकेको छ। नरिवल पानीमा हुने काइटोकिनिस नाम गरेको तत्वले हाम्रो शरीरको कोषलाई सशक्त बनाउनुका साथै चाउरी र बृद्ध हुनबाट बचाउँछ।

गर्भवतीसँग सम्बन्धित समस्याबाट मुक्ति

नरिवल पानी स्वभाविक रुपमा स्वस्थ र संक्रमणरहित हुनाले गर्भावस्थामा यसलाई पिउदा सुरक्षित मानिन्छ। गर्भाधारणका क्रममा हुने वाकवाकी, अम्लियपन, र मुटु तथा घाँटी पोल्ने समस्याबाट पनि मुक्ति मिल्छ। त्यस्तै गर्भवतीले नियमित नरिवल र यसको पानी खाँदा पेटभित्रको शिशु निकै स्वस्थ हुने चिकित्सकहरुले बताउने गरेका छन्। एजेन्सी

# आगलागी नियन्त्रण तथा अनुशिक्षण समापन



बिराटनगर। कोशी प्रदेश कार्यालय विराटनगरको तत्वावधानमा चैत्र १३ गतेबाट संचालन भएको "आगोलागी नियन्त्रण तथा उद्दार अनुशिक्षण तालिम प्रथम समुहको चैत्र २१ गते समापन भएको छ।

तालिममा सहभागी प्रशिक्षार्थी प्रहरी कर्मचारीहरुलाई ग्यास सिलिन्डरमा लागेको आगो निभाउने तरिका, फायर सुट र फायर बल प्रयोग गर्ने तरिका, आगलागी भएको स्थानमा भऱ्याङग चढ्ने, ओर्लिने तथा डोरीको प्रयोग गर्ने तरिका, बारुण यन्त्रको प्रयोग गरी आगो नियन्त्रण गर्ने तरिका, घरमा लागेको आगो निभाउने तरिका, शरिरमा लागेको आगो निभाउने तरिका, प्रयोग बिधि लगायतका विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासहरु गराईएको थियो।

प्रशिक्षार्थीहरुद्वारा गरिएका उक्त अभ्यासको प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारी लगायत सिनियर प्रहरी अधिकृतहरुद्वारा अवलोकन गरिएको थियो। समापन कार्यक्रमका प्रमुख अतिथि अधिकारीले प्राकृतिक तथा मानविय त्रुटीका कारण हुने आगोलागीका घटनाहरु नियन्त्रण गर्न ठुलो चुनौती पुर्ण कार्य भएकोले आगो नियन्त्रणका क्रममा प्रयोग गरिने पोसाक तथा आवश्यक स्रोत साधानहरुलाई तालिममा सिकाए बमोजिम कार्यक्षेत्रमा दुरुस्त तरिकाले प्रयोग गरी आगोलागीबाट हुने भौतिक तथा मानविय क्षतिलाई न्युनिकरण गर्न उपस्थित सम्पुर्ण प्रशिक्षार्थीहरुलाई निर्देशन दिएको थियो।

कार्यक्रममा तालिम संयोजक प्रहरी नायव उपरीक्षक सुवास भट्टाराईले तालिम सम्बन्धी प्रतिबेदन पेश गर्नु भएको थियो। कोशी प्रदेश अन्तरगत रहेका बिभिन्न प्रहरी कार्यालयहरुमा कार्यरत जुनियर प्रहरी अधिकृत देखि प्रहरी जवान सम्मका तालिम प्राप्त ५० जना प्रहरी कर्मचारीहरुलाई आगलागीको घटनामा मानविय तथा भौतिक क्षेति न्यूनिकरणको लागि आवश्यक श्रोत साधन सहित परिचालन गरिने छ।

# दुर्व्यसन विरुद्धको प्रशिक्षक तालिम समापन

बिराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले संचालन गरेको १ दिने दुर्व्यसन विरुद्दको अभियान प्रशिक्षक प्रशिक्षण तालिम तेस्रो समुहको समापन भएको छ।

चैत्र २१ गते बिहान कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सभाहलमा तालिम संयोजक प्रहरी नायव उपरीक्षक दुर्गा प्रसाद दाहालले तालिमको उद्धाटनको क्रममा तालिमको औचित्य माथी प्रकाश पार्दै लागूऔषध दुर्व्यवसन बिरुद्ध फाईट एगेन्टस नारकोटिक (फान) कार्यक्रमको माध्यमबाट दुर्व्यसन विरुद्ध सचेतनामा अभिवृद्धी गराई परिवार, समुदाय हुदै सिंगो राष्ट्रलाई दुर्व्यसन मुक्त राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ सहभागी प्रशिक्षार्थीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको बताउदै विषयगत प्रशिक्षण प्रदान गर्नु भएको थियो।

उक्त तालिमको समापन कार्यक्रममा प्रमुख अतिथि प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले समाजमा हुने बिभिन्न किसिमका अपराध हरुको रोकथाम गर्ने र समाजमा शान्ती सुरक्षा कायम राख्ने प्रमुख जिम्मेवारी पाएको नेपाल प्रहरीले बिश्लेषण र तथ्याङको आधारमा लागुऔषधको प्रयोग अपराधको प्रमुख कारक भएको देखिएकोले अपराधका घटनामा कमी ल्याउनको निम्ति दुर्व्यसन विरुद्धको प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको बताएका थिए।

लागूऔषध दुर्व्यसन विरुद्धको अभियान (ँब्ल) लाई व्यवस्थित तथा प्रभावकारी बनाउन तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्ने उद्धेश्यका साथ फान डेस्कमा रहने प्रहरी कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम दिईएको र बिशेष गरी युवाहरुलाई दुर्व्यसन विरुद्दको अभियानको लागी प्रशिक्षण प्रदान गरी योद्धा बनाई उनिहरुको अगुवाईमा सशक्तरुपमा दुर्व्यसन विरुद्ध कार्यक्रमहरु संचालन गर्न प्रशिक्षक प्रशिक्षार्थीहरुलाई हृदय देखि नै अनुरोध गर्नु भएको थियो।

वहाँले कार्यक्रमहरुमा वितरण गर्नको लागी फान लोगो अंकित टि-सर्ट जिल्ला प्रहरी कार्यालय झापा र उदयपुरबाट प्रशिक्षक प्रशिक्षणको लागी आउनु भएका प्रहरी अधिकृतहरुलाई हस्तान्तरण गर्नु भएको थियो।

उक्त तालिममा कोशी प्रदेशका मातहत कार्यालयहरुमा कार्यरत प्रहरी निरीक्षक देखि प्रहरी जवान दर्जा सम्मका ३० जना प्रहरी कर्मचारीहरुको सहभागीता रहेको थियो।




हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

# यातायात व्यवस्था कार्यालय विराटनगरमा सबभन्दा बढी राजश्व सवारी साधन करबाट

विराटनगर । यातायात व्यवस्था कार्यालय, विराटनगरले चालु आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्त सम्ममा २३ करोड ६० लाख ९२ हजार ८०९ रुपैया बरावरको राजश्व संकलन गरेको छ ।

कार्यालयले यातायात क्षेत्र, अन्य प्रशासनिक सेवा, व्यवसाय रजिस्ट्रेशन, चालक अनुमतिपत्र, सवारी दर्ता, प्रशासनिक दण्ड, जरिवाना र जफत तथा सवारी साधन करलगायत शीर्षकहरूमा सो मूल्य बरावरको राजश्व संकलन गरेको हो ।




कार्यालय प्रमुख रविन कार्कीका अनुसार सबभन्दा बढी राजश्व सवारी साधन करवापत १९ करोड २८ लाख ५३ हजार ३७० संकलन भएको छ । त्यसैगरी दोस्रो ठूलो राजश्व संकलन चालक अनुमतिपत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर शीर्षकमा उठेको छ । जसमा ४ करोड १९ लाख ८६ हजार ५६४ उठेको यातायात व्यवस्था कार्यालय विराटनगरका प्रमुख रविन कार्कीले जानकारी दिए ।

यातायात व्यवस्था कार्यालय विराटनगरमा आर्थिक वर्ष २०७८ देखि चालू आव२०८१/८२ को फागुन मसान्त सम्ममा विभिन्न किसिमका सवारी साधन दर्ता अभिलेख छ । जसमा सबभन्दा बढी मोटर साईलकल ११ हजार ४ सय ८४ दर्ता रहेका छन । स्कुटर ३९३९ वटा दर्ता रहेको कार्कीले बताए ।

वस १८ बटा , मिनी बस ७ वटा , माइक्रो बस ४ वटा, जिप २०९ वटा , कार ५६७ वटा, इकार ३९ वटा भ्यान ४४ वटा, पिकअप ५८१ वटा, टयाक्टर १६१८ वटा, दमकल १ वटा, एम्बुलेन्स ५४ वटा, दमकल १ वटा, टेम्पो पेट्रोल, १५ वटा टेम्पो व्याट्री २, ई रिक्सा ३२४ वटा, ई स्कुटर १५, मोपेड ३ वटा, ट्रक २७ वटा मिनी ट्रक ३ वटा, टयाक्टर ३ वटा टंकी १ वटा र क्रेन १८ वटा सो कार्यालयकोमा रहेको प्रमुख कार्कीले बताए ।

पछिल्लो वर्ष २०८०/८१ मा मात्र नयाँ सवारी चालक अनुमती पत्र १६२०९, वर्ग थप सवारी चालक अनुमती पत्र ४०४४ र जम्मा २० हजार २५३ सवारी चालक अनुमती पत्र का लागी आवेदन प्राप्त भएको छ । कार्यालयको आम्दानी हुने स्रोतहरु सवारी दर्ता, ठाउँ सारी, हेरफेर, पुन: दर्ता, लगत कट्टा, नविकरण, दर्ता प्रमाणपत्र स्थगित, रुट इजाजत जारी, रुट नविकरण, रुट लगत कट्टा र रुट स्थगित, सवारी जाँचपास, प्रतिलिपि जारी, सवारी अनुमतिपत्र जारी, रुट इजाजत र पञ्जीकरण वापत कार्यालयले राजश्व लिने गरेको छ ।

# अपहरणमा परेकी बालिकाको उद्धार, संलग्न व्यक्ति पक्राउ



सुनसरी । सुनसरीको कोशी गाउँपालिका-७ मुसहरी टोलका कुशेश्वर सदाको ४ बर्षीया छोरीको अपरहण भएको घटनाको २४ घंटा भित्र वालिकाको सकुशल उद्दार गरी अपहरणमा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरी कन्चनरुप नगरपालिका-१२ धरमपुरका जितुवा भन्ने जितेन्द्र साह (हलुवाई) रहेका छन । चैत्र २० गते दिउँसो पौने २ बजे ४ बर्षीया छोरी घर अगाडि खेल्ने क्रममा अपरिचित मानिसले सिटि सफारीमा चढाई अपहरण गरी लगेको भनि जानकारी प्राप्त भएको थियो ।

त्यही सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरी र कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समुह बाट तत्काल प्रहरी टोली परिचालन गरी खोज तलासको क्रममा चैत्र २१ गते कोशी ब्यारेजको २६ नम्वर ढोकाको पुल माथिबाट वालिकालाई सकुशल उद्दार गरी आफन्तलाई जिम्मा लगाएको थियो । त्यसैगरी अपहरणमा संलग्न साहलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका साहको जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान तथा आवश्यक कानुनी कारवाही भइरहेको छ ।

## मौरीपालन...

निकासी भएको छ। जसमा ५ करोड ७४ लाख रुपैयाँ (१०.८ मेट्रिक टन) आम्दानी भएको छ। प्रमुख व्यापारिक साझेदार भारत, यूएई, टर्की जस्ता देशसँग १७ करोड ६१ लाख रुपैयाँ ( ८०८.४ मेट्रिक टन) बराबरको मह आयात भएको छ ।

नेपालको अनुपम हावापानी र वनस्पतिका कारण नेपाली मह अन्य आयातित महको तुलनामा निकै स्वादिलो र मिठो भए तापनि हाल नेपाली महले आयातित महसँग प्रतिस्पर्धा गर्न सकेको छैन। आर्थिक वर्ष २०८०/८१ मा विविध कारणले नेपाली मह करिब ३१०० मेट्रिक टनको हाराहारीमा बजारीकरण हुन नसकेको अवस्थामा नेपालका हजारौं मौरीपालकको संरक्षणको लागि २०८१ जेठ ७ गतेको विदेशी मह आयात रोक्ने निर्णय पश्चात् नेपाली महको बजारीकरण सहज भएको पाइन्छ ।

हाल नेपाली बजारमा विभिन्न किसिमका आयातित मह जस्तै: डाबर हनी, पतञ्जली हनी, ज्ञान गोल्ड हनी, गण्डकी हनी, एपिस हनी विभिन्न सुपर मार्केट तथा किराना पसलमा देखिन्छन् । साथै नेपालका मौरीपालकले उत्पादन गरेर आफैं प्याकेजिङ र लेवलिङ गरेको विभिन्न स्थानीय ब्रान्डका मह पनि नेपाली मह घरहरूमा देखिन्छ ।

सुपर मार्केट तथा किराना पसलमा देखिने हनी र मौरीपालकले उत्पादन गरेका स्थानीय ब्रान्डका मह ।

नेपालीमा विभिन्न चरन स्रोतको एक केजी मह उत्पादन गर्न करिब ३५०-४५० रुपैयाँ लागत पर्ने र आयातित मह निकै सस्तोमा नेपाल भित्रिने हुनाले नेपाली महले आयातित महसँग प्रतिस्पर्धा गर्न नसकेको देखिन्छ। बजारको मागअनुसार लेबलिङ, प्याकेजिङ, ब्रान्डिङ सहित उपभोक्तालाई सहजै रूपमा स्वदेशी मह उपलब्ध गराउन नसक्नु एवं प्राकृतिक स्तरमा उत्पादन भएको नेपाली मह जम्छ भन्ने सन्देश मह उपभोक्ताहरू समक्ष पुऱ्याउन नसकिएको कारण स्वेदशी महको बजारीकरणमा चुनौती थपिएको छ ।

विगत केही वर्षयता नेपाली महको बजारीकरणमा नेपाल मौरीपालक महासंघ, केन्द्रीय मौरीपालन सहकारी संस्था, व्यावसायिक किट विकास केन्द्र हरिहरभवन, प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजना, मौरीपालन विकास केन्द्र लगायत विभिन्न सरोकारवाला निकाय लागिपरेको देखिन्छ । विभिन्न माध्यमबाट कसरी बजारी करण गर्न सकिन्छ र नेपाली महलाई आम उपभोक्तासम्म पुऱ्याउन सकिन्छ भन्ने तरिका खोज्दै, अवलम्बन गर्दै विभिन्न कार्यक्रम गरेको पाइन्छ ।

नेपाली मह प्रवर्धन गर्न काठमाडौं, भृकुटीमण्डपमा पाँचौं राष्ट्रिय मह मेला २०८१ सञ्चालन गरियो । उक्त मह मेलामा नेपाली मह उत्पादक हरूले उत्पादन गरेका विभिन्न स्रोतका मह बिक्री तथा नेपाली महको स्वाद चखाउने कार्य भएको थियो ।

नेपाली क्यालेन्डर अनुसार हरेक वर्ष चैत १३ गते राष्ट्रिय मह दिवस विभिन्न जिल्लामा मनाइन्छ। नेपाली मह प्रवर्धनका साथै नेपाली महको स्वाद उपभोक्ता वर्गमा पुगोस् भन्ने सन्देश सहित यो कार्यक्रम मनाइन्छ। मौरी पालन विकास केन्द्र, भण्डारा ले उक्त दिवसमा नेपाली महको अवस्था, सम्भावना तथा चुनौतीको बारेमा छलफल र अन्तरक्रिया गर्दै बाटोमा हिंड्ने यात्रुलाई मह-पानी सेवन गराई नेपाली महको प्रचारप्रसार गर्दै आइरहेको छ ।

स्थानीय स्तरमा उत्पादन भएको मह जम्छ। यो महको प्राकृतिक गुण हो। उक्त मह विना प्रशोधन बजारीकरण हुँदै आएको छ । यस्तो महको गुणस्तरमा शंका गर्नु भ्रम मात्र हो भनेर विभिन्न माध्यमबाट प्रचारप्रसार भएको पाइन्छ, जसले पछिल्ला दिनमा उपभोक्ताले प्रशोधन नगरिएका मह खोज्ने गरेको भेटिन्छ ।

मह उत्सव मनाउने र मह चखाउने कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजना, चितवन को आयोजनामा विभिन्न सरोकारवाला निकायको सहकार्यमा मह उत्सव २०८१ सौराहामा सञ्चालन भएको थियो। जसमा उत्सवमा सहभागी भएका व्यक्तिहरूलाई विभिन्न स्रोतको महको स्वाद चखाई नेपाली महको प्रचारप्रसार गरिएको थियो ।

यस्तै चितवन जिल्लाको खैरहनी महोत्सव २०८१ मा मौरीको प्रतिमा सहित मौरी परिसर नै निर्माण गरी मौरीको संरक्षण गर्नुपर्ने सन्देश र नेपाली महको प्रचारप्रसार गरेको देखिन्छ ।

तसर्थ, नेपाली महको उत्पादन लागत घटाउने, मौरीजन्य उपजहरूको उत्पादन तथा उत्पादकत्व बढाउने र विदेशी बजारमा नेपाली मह भनेर ब्रान्डिङ गर्न सकेमा अन्तर्राष्ट्रिय बजारसम्म नेपाली मह पुऱ्याउन सकिने प्रशस्त सम्भावना देखिन्छ ।

असल मौरीपालन गरी गुणस्तरीय मह उत्पादन गरी स्थानीय, प्रदेश, केन्द्रीयस्तरको भण्डारण, प्रशोधन कक्षको व्यवस्था गर्नु आवश्यक छ । साथै धेरै जनघनत्व भएको स्थानमा हनी मार्ट तथा नेपाली मह बिक्री कक्षहरू खोल्ने र राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यम मार्फत नेपाली महको महत्वबारे सन्देशमूलक सूचना प्रवाह गर्ने हो भने राष्ट्रिय बजारमा नेपाली महले आफ्नो छुट्टै स्थान बनाउन सक्नेछ ।

नेपाली महको दीर्घकालीन बजार व्यवस्थापनका लागि सेना, प्रहरी, सशस्त्र प्रहरी, विद्यालयका बालबालिकाको खाजा लगायतमा कोटास्वरूप दैनिक राशनमा नेपाली मह समावेश गरी आन्तरिक बजार प्रवर्धन गर्न सकिन्छ । आयातित महमा भन्सार कर वृद्धि गरी नेपाली मौरीपालक किसानले उत्पादन गरेको महको लागत मूल्य बराबर बनाउन सकिएमा नेपाली मह प्रतिस्पर्धी भई मौरीपालक किसानको आर्थिक अवस्था सुधार्न सक्ने सम्भावना देखिन्छ ।

(अम्गाई मौरीपालन विकास केन्द्र, भण्डारा, चितवनका प्रमुख हुन् भने डा. देवकोटा कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा कार्यरत छन् । ) अनलाईन खबरबाट


## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।